25 AUGUST 2024

आकाशवाणी गान्तोक हो

समाचार पारसमणि दङ्गालबाट सुन्नुहोस

PM- Mann Ki Baat

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले अन्तरिक्ष क्षेत्रमा भएको सुधारबाट देशका युवाहरुलाई धेरै फाइदा भएको बताउनु भएको छ। आज, आकाशवाणीमा मन की बात कार्यक्रम मार्फत राष्ट्रलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भन्नुभयो, देशमा धेरै यस्ता कुराहरू हुँदैछन् जसले विकसित भारतको आधार बलियो बनाउँदैछ। उहाँले यही महिनाको २३ तारिक देशवासीले पहिलो राष्ट्रिय अन्तरिक्ष दिवस र चन्द्रयान–३ को सफलताको उत्सव मनाएको बताउनु भयो।

श्री मोदीले स्पेस टेक स्टार्टअप GalaxyEye का सदस्यहरूसँग पनि कुराकानी गर्नुभयो। यो स्टार्टअप आईआईटी मद्रासका पूर्व विद्यार्थीहरूले सुरु गरेका हुन्। प्रधानमन्त्रीले अन्तरिक्ष इको सिस्टम निकै जीवन्त बन्दै गएको बताउनुभयो।

श्री मोदीले यो वर्ष लाल किल्लाबाट उहाँले गैर-राजनीतिक पृष्ठभूमिका एक लाख युवाहरूलाई राजनीतिक प्रणालीमा सामेल हुन आह्वान गरेको कुरो उल्लेख गर्नुभयो। श्री मोदीले भन्नुभयो, यसले युवाहरूमा गहिरो प्रभाव पर्न गएको छ र ठूलो संख्यामा युवाहरू राजनीतिमा आउन तयार भएका छन्। युवाहरू उपयुक्त अवसर र मार्गदर्शनको खोजीमा रहेका छन्।

आफूलाई यस विषयमा देशभरिका युवाहरूबाट धेरै पत्रहरू प्राप्त भएको श्री मोदीले बताउनु भयो। उहाँले युवाहरुको सामूहिक प्रयासले राजनीतिक पृष्ठभूमि नभएका युवाहरु राजनीतिमा आउन सक्ने विश्वास व्यक्त गर्नुभयो। यस्ता युवाको अनुभव र जाँगर देशका लागि लाभदायी हुने प्रधानमन्त्रीले बताउनु भयो।

000

CM –Scindia

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज नयाँ दिल्लीमा केन्द्रिय सञ्चार एवम् पूर्वोत्तर क्षेत्र विकास मन्त्री श्री ज्योतिरादित्य माधवराव सिन्धियासित शिष्टाचार भेट गर्नुभयो।

यसभेटमा मुख्यमन्त्रीले मङ्गन र नाम्ची जिल्ला अस्पतालहरूका साथै गान्तोक जिल्लामा मेडिकल कलेजका लागि आर्थिक सहयोगको माग गर्दै ज्ञापनपत्र चडाउनु भयो।

केन्द्रिय मन्त्री श्री सिन्धियाले सकारात्मक आश्वासन दिँदै यी महत्वपूर्ण पहलका लागि सहयोग गर्ने आश्वासन दिनुभएको छ।

000

## Chief Minister-Tourism

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राज्यको पर्यटन तथा नागरिक उड्डयन विभागलाई बधाई दिनुभएको छ। विभागले पर्यटनको विकासमा उत्कृष्ट कार्य गर्दै "उत्कृष्ट दीर्घमियादी पर्यटन अभ्यास गर्ने राज्य" पुरस्कार र "भारतको सबैभन्दा पर्यटन मैत्री राज्य" पुरस्कार जितेकोमा मुख्यमन्त्रीले विभागलाई बधाई दिनुभएको हो।

24 अगस्तका दिन राज्यका पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री छिरिङ थेन्डुप भोटिया, विधायक-एवम्-सल्लाहकार श्री सुदेश सुब्बा, प्रधान सचिव श्री सीएस राव अनि पर्यटन विभागका अन्य अधिकारीहरूले मुख्यमन्त्रीलाई भेट गरी पुरस्कारका विषयमा जानकारी दिनुभएको थियो।

0000

Sikkim Olympic Association

सिक्किम ओलम्पिक संघले देशका लोकप्रिय मुख्यमन्त्रीहरूको सूचीमा शीर्ष स्थानमा आउन सफल हुनुभएकोमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङलाई बधाई दिएको छ। संघका महासचिव श्री जशलाल प्रधानले आज एक प्रेस विज्ञप्तिमार्फत राज्यका सम्पूर्ण खेल संघहरूको तर्फबाट मुख्यमन्त्रीलाई यस उपलब्धिका लागि बधाई दिनुभएको छ।

State Karate Championship 2024

राजधानी गान्तोकको पाल्जोर स्टेडियमको इन्डोर जिम्नाजियममा आजदेखि 20औं राज्य कराँते च्याम्पियनसिप 2024 शुरु भएको छ। दुइ दिने प्रतियोगितामा राज्यका 6 जिल्लाबाट कुल 450 कराँते खेलाडीले सहभागिता जनाएका छन्। प्रतियोगोतिको आयोजना सिक्किम राज्य कराँते दो संघले गरेको हो। आज गेजिङ बर्मेकका विधायक एवम् जनस्वास्थ्य अभियान्त्रिकी एवम् जल संसाधन विभागका सल्लाहकार श्री लोकनाथ शर्माले प्रतियोगिताको उद्घाटन गर्नुभयो।

Mandaviya National Sports Day

केन्द्रीय युवा मामिला तथा खेल मन्त्री डा. मनसुख माण्डवीयले आउँदो 29 तारिकका दिन राष्ट्रिय खेलकुद दिवसको अवसरमा देशवासीलाई कम्तीमा एक घण्टा कुनै पनि आउटडोर खेलमा सहभागी हुन आग्रह गर्नुभएको छ। डा. माण्डवियाले भन्नुभएको छ, आउट डुवर खेलहरूमा मानिसहरूको सहभागिताले फिट इन्डिया आन्दोलनलाई अगाडि बढाउन सहयोग प्राप्त हुनेछ। उहाँले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको 'खेलेगा इन्डिया, तभी तो खिलेगा इन्डिया' नाराले देशलाई खेलकुदतर्फ दोहोऱ्याउने बताउनुभयो।

आकाशवाणी गान्तोकबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।